नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

नेपाल ।

## प्रेस विज्ञप्ति

आज मिति २०७५ मंसिर १० गते सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा उद्योग-वाणिज्य प्रवर्द्धन सम्वाद परिषद्को प्रथम बैठक सम्पन्न भयो । बैठकमा नेपाल सरकार र निजी तथा व्यवसायिक क्षेत्रबाट परिषद्मा प्रतिनिधित्व गर्नुहुने सदस्यहरूबीच आगामी दिनमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अभियानलाई सार्थक तुल्याउनका लागि गर्नुपर्ने सहकार्यका क्षेत्र र रणनीतिकाबारेमा सघन छलफल भयो ।

बैठकमा परिषद्का सदस्य श्री सुरज वैद्यले सरकार र निजी तथा व्यसायिक क्षेत्रबीच समन्वय र साझेदारीका विषयमा प्रस्तुतीकरण गर्नुभयो र सो उपर सहभागीहरूले आ-आफ्नो विचार राख्नुभएको थियो ।

उक्त छलफललाई सम्माननीय प्रधानमन्त्रीज्यूले सम्बोधन गर्नुहुँदै देशलाई आर्थिक विकासको बाटोमा तिव्रताकासाथ अगाडि बढाउन एउटा नयाँ अभ्यासको थालनी भएको, मुलुकमा नीति, योजना, कार्यक्रम कार्यान्वयनका लागि उपयुक्त वातावरण निर्माण भएको, मुलुकमा उपलब्ध स्रोत र साधनको महत्तम उपयोग गर्दै सुशासनको माध्यमद्वारा समृद्ध नेपाल निर्माणको दिशामा अगाडि बढ्न सम्भव रहेको कुरामा जोड दिनुभयो ।साथै सो लक्ष्य प्राप्तिका लागि सरकारी, निजी र सहकारी क्षेत्रका बीच सहकार्य, समन्वय र साझेदारीलाई प्रवर्द्धन गर्दै अगाडि बढ्नुपर्ने र यसका लागि परिषद्को संस्थागत संरचनालाई थप क्रियाशील तुल्याउन निर्देशन दिँदै सम्पूर्ण लोकतन्त्रको सुनिश्चिततामा जोड दिनुभएको थियो ।

...............................................

(विनोदबहादुर कुँवर)

प्रवक्ता

मिति: २०७५ मंसिर १०

टेलिफोन :४२११००१, ४२१११११२,४२११११२५, ४२११०७६, ४२००३८४ / फ्याक्स : ४२११०६५, ४२११०८६ पो.ब.नं. : २३३१२ काठमाण्डौ, नेपाल ।
ई-मेल : infc@nepal.gov.np / वेब साइट : http://www.opmcm.gov.np